# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक ३०० | बुटवल | २०८२ कात्तिक २४ गते, सोमबार | नेपाल संवत ११४६ | Monday November 10, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# बुटवलमा खुल्यो पहिलो पाँचतारे होटल हायात प्यालेस

**कूल लगानीमध्ये ६५ प्रतिशत बैंकको ऋण र ३५ प्रतिशत ६ जना सञ्चालकको लगानी रहेको सञ्चालकहरूले बताएका छन् ।**





**टिआर शर्मा**

*बुटवल*

लुम्बिनी प्रदेशको आर्थिक केन्द्र र औद्योगिक नगर रुपन्देहीको बुटवलमा तीन अर्ब ५० करोड लगानीमा पाँचतारे होटेल हायात प्यालेस सञ्चालनमा आएको छ ।

आन्तरिक र विदेशी पर्यटकलाई अन्तर्राष्ट्रियस्तरको हस्पिटालिटी सेवा दिने उद्देश्यले बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र अगाडि २५ कठ्ठा क्षेत्रफलमा बनेको दशतले भवनमा १०९ कोठासहितको हायात प्यालेस सञ्चालनमा आएको हो । यो बुटवलको पहिलो पाँचतारे र यस क्षेत्रको सबैभन्दा ठूलो होटेल हो ।

सुरुमा सेफ्रोन होटलको नाममा निर्माण सुरु भए पनि निर्माण सम्पन्नपछि अन्तर्राष्ट्रिय चेन ब्राण्ड हायात प्यालेस नाममा सञ्चालनमा आएको हो । हायात ब्राण्ड सन् २००६ मा सुरु भई अहिले संसारभर ४२० भन्दा बढी स्थानमा फैलिएको छ ।

बुटवलमा पाँचतारे होटेल नभएकाले रुपन्देहीको अग्रणी औद्योगिक घराना यशोदा फुड्स ग्रुपले पाँचतारे होटेलमा लगानी गरेको हो । होटेलमा व्यवसायीहरु चुन्नुप्रसाद पौडेल, कमलकिशोर मालपानी, नरिश्वर शर्मा पौडेल, भूमिराज पौडेल, श्रवण बेरिवाल र रेखा मालपानी गरी ६ जनाको संयुक्त लगानी रहेको छ ।

होटलमा भएको कूल लगानीमध्ये ६५ प्रतिशत बैंकको ऋण र ३५ प्रतिशत ६ जना सञ्चालकको लगानी रहेको सञ्चालक चुन्नुप्रसाद पौडेलले आइतबार आयोजित पत्रकार सम्मेलनमा बताए ।

विभिन्न ६ श्रेणीका १०९ कोठा रहेको होटेलमा एक रातमा २५० जना पाहुना बास बस्न सक्ने सञ्चालक पौडेलले बताए । होटेल र यसका कोठाहरुको डिजाइन थिम शान्ति, आधुनिकता र परम्पराको फ्यूजन तथा कहिल्यै पुरानो नहुने (टाइमलेस) रहेको र क्याजुअल कम्फर्टमा सबैभन्दा जोड दिएको पौडेलले बताए । बोधी वृक्षको पातको आकृति होटेलका धेरै संरचनामा राखिएको छ भने डेढ सय जना क्षमताको अल डे डाइनिङ रेष्टुरेण्टमा मायादेवी मन्दिरको इट्टाको बनावट झल्किने डिजाइन छ ।

होटेलको लबीको डिजाइन शक्ति र स्थिरताका आधार मानिने चारवटा विशेष बास्तुकला स्तम्भले निकै भव्य बनाएको छ । जसमा बुद्ध दर्शनका चार आर्य सत्यहरु दुःख छ, दुःखको कारण छ, दुःखको निरोध सम्भव छ र दुःख निरोधको मार्ग छ भन्ने झल्काइएको छ ।

होटेलको मुख्य विशेषता अहिलेको व्यस्त जीवनशैली र एकैपटक धेरै काम गर्नुपर्ने पाहुनाहरूका लागि आरामदायी बसाइसँगै दैनिक जीवनका सबै सुविधा सहज र नवीन रुपमा प्रदान गर्नु रहेको उनले बताए । 'होटेलका कोठाहरुमा पाहुनाहरुलाई काम गर्न, सुत्न र खेल्नका लागि छुट्टाछुट्टै ठाउँको व्यवस्था छ, विजनेस फोकस्ड भएता पनि यो फेमिली फ्रेण्डली होटेल हो,' पौडेलले भने-'होटेलले नेपालको सारलाई समेटेको छ ।'

होटेलले आन्तरिक र भारतीय पर्यटकलाई लक्षित गरी लबी लेभलमै जिङ बार, ११ सय स्क्वायर मिटरको बलरुम, तीन वटा हल, फिटनेस सेन्टर, किड्स प्ले जोन, मिट्टी घर डिजाइनमा बनेको स्पा, ज्याकुजी, पर्याप्त पार्किङ् जस्ता सुविधा उपलब्ध गराएको उनले बताए । 'छिमेकी मुलुक भारत उत्तर प्रदेशमा करिब २४ करोड जनसंख्या छ, त्यसमध्ये केही प्रतिशतलाई बुटवल भित्राउन सकिन्छ भन्ने हाम्रो आशा छ, त्यहीअनुसार होटेलको आर्किटेक्ट डिजाइट, बनावट, सजावट निकै फरक र गुणस्तरीय छ ।'- पौडेलले भने । निकट भविष्यमा क्यासिनो समेत सञ्चालन गर्ने तयारी रहेकाले पनि भारतीय पर्यटकको गन्तव्य बुटवललाई गराउन सकिने उनले बताए ।

'बुटवलमा क्यासिनोसहितको पहिलो पाँचतारे होटल हायात प्यालेस नै हुनेछ,' पौडेलले भने-'यसले विदेशी मुद्रा आर्जनसँगै रुपन्देहीको अर्थतन्त्र चलायमान बनाउने हाम्रो विश्वास छ ।'

होटेललाई केवल व्यवसायका रुपमा मात्र नभई बुटवलको गौरव बढाउने गहनाका रुपमा बुझिदिन पौडेलले आग्रह गरे ।

मुलुकको आर्थिक समृद्धिको प्रमुख आधार पर्यटन क्षेत्र हो भनेर सरकारले भन्दै आएकाले सरकारले पर्यटनमैत्री नीति र कानुन निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने होटलका अर्का सञ्चालक कमलकिशोर मालपानीले बताए । 'सरकारले भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानहरु नियमित र पूर्ण क्षमतामा सञ्चालनमा ल्याउनुपर्छ, बुटवलको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र पनि सञ्चालन हुनुपर्छ,' मालपानीले भने-'यी दुई पूर्वाधार सञ्चालनले मात्रै रुपन्देहीका होटेल र पर्यटन व्यवसायलाई राहत दिनसक्छ ।'

होटेलले पूर्ण क्षमतामा सञ्चालन हुँदा ३५० जनालाई रोजगारी दिन सक्ने जनाएको छ । जसमा स्थानीयलाई प्राथमिकता दिइएको सञ्चालक नरिश्वर शर्माले बताए ।

होटेलको औपचारिक उद्घाटन नोभेम्बर २५ तारिखमा हुनेछ । होटल निर्माणकै क्रममा होटलको पश्चिमतर्फको कुसुम पथमा करिब ३ सय मिटर सार्वजनिक सडक करिब ४० लाख रुपैयाँमा आफ्नै लगानी गरेर पीच र सौन्दर्यीकरण गरेको अर्का सञ्चालक भूमिराज पौडेलले बताए ।

## चुनाव सफल बनाउन राष्ट्रपतिको अपिल

बुटवल । राष्ट्रपति रामचन्द्र पौडेलले आगामी २१ फागुनका लागि तोकिएको निर्वाचन सफल बनाउन सबैलाई आह्वान गरेका छन् ।

उनले संविधान र लोकतन्त्रलाई अझ उन्नत तथा सुदृढ बनाउन आगामी प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई सफल बनाउनुपर्ने बताएका हुन् । आइतबार सिंहदरबारमा सार्वजनिक सेवा प्रसारण नेपालको प्रथम वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले युवा पुस्ताको सुशासन र विकासप्रति प्रकट भएको चाहनालाई ध्यान दिँदै निर्वाचन सफल बनाउनु पर्ने बताएका हुन् ।

लोकतन्त्रको सुदृढीकरण गर्न र त्यसको प्रतिफल जनताले प्राप्त गर्ने वातावरण निर्माणमा सञ्चारमाध्यमहरुको योगदान महत्वपूर्ण हुने उनले बताए । राष्ट्रपति पौडेलले देशको सकारात्मक परिवर्तन, विकासका पहल, सम्भावना र अवसरहरूका बारेमा नागरिकलाई सूचित गर्ने महत्वपूर्ण जिम्मेवारी पूरा गर्न दत्तचित्त भएर लाग्न सञ्चारमाध्यमलाई आग्रह गरे ।

सत्य, तथ्य र विश्वसनीय सूचना प्राप्त गर्नु नागरिकको मौलिक अधिकार भएकाले सत्य-तथ्यमा आधारित सूचना प्रवाह गर्नु सञ्चार माध्यमको कर्तव्य, जिम्मेवारी र दायित्व भएको उनले बताए ।


» *बाँकी ३ पेजमा*


## ट्रंकलाइन विवादमा सहमति लागू गर्न निर्देशन

बुटवल । डेडिकेटेड र ट्रंकलाइन विवादमा नेपाल उद्योग, वाणिज्य महासंघ र सरकारबिच भएको सहमति कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्देशन दिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई पत्र लेख्दै प्रधानमन्त्री कार्यालयले सहमति कार्यान्वयन गर्न भनेको हो । १७ कात्तिक २०८२ मा प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा अर्थमन्त्री रामेश्वर खनाल, ऊर्जामन्त्री कुलमान घिसिङ र मुख्यसचिवसहित बैठकले महासंघसँग मौखिक सहमति गरेको थियो ।

छलफलले भुक्तानी महसुल सरलीकरण गर्ने तथा पुनरावलोकन सुन्ने व्यवस्था मिलाउने सहमति गरेको समेत कार्यालयको भनाइ छ ।


» *बाँकी ३ पेजमा*


## रास्वपाले समानुपातिकमा जेनजीलाई २७ प्रतिशत र विदेशबाट फर्किएकालाई १० प्रतिशत सिट दिने

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले फागुन २१ मा हुने निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको उम्मेदवारको आवेदन आह्वान गरेको छ ।

प्रवक्ता मनिष झाका अनुसार सह-महामन्त्री विपिनकुमार आचार्यले प्रस्तुत गरेको उम्मेदवार छनोटको रुपरेखामा आधारित रहेर उम्मेदवारी आह्वान गरिएको हो ।

उम्मेदवार बन्न चाहनेहरुका लागि केही सर्त तथा मापदण्डहरु निर्धारण गरिएको छ । रास्वपाको उम्मेदवार हुन चाहने व्यक्ति सार्वजनिक पदको दुरुपयोग नगरेको, वैवाहिक अवस्था वैध रहेको, जात-लिंगको आधारमा अपमान वा कमजोर समूहको शोषण जस्ता आचरण नगरेको, आम्दानी पारदर्शी भएकोलगायतका स्वघोषणा गर्नुपर्ने छ । उम्मेदवार छनोट प्रक्रिया पारदर्शी, विधिसम्मत र निष्पक्ष भए/नभएको मूल्यांकनका लागि अडिट समिति बनाउने रास्वपाले जनाएको छ ।


» *बाँकी ३ पेजमा*


# गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल बन्न सकेन वैकल्पिक विमानस्थल



**मोहम्मद हबिब**

*भैरहवा*

शनिबार काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्राविधिक समस्या आएपछि काडमाडौं आउन लागेको कतार एयरवेजको विमान साँझ घण्टौ आकाशमै चक्कर लगायो । दर्जनौ पटक आकाशमै चक्कर लगाएको विमान अन्तत बंगालदेशको ढाकामा डाइभर्ट भयो ।

फ्लाई दुबईको जहाज भारतको लखनउ र कोरियन एयरको जहाज दिल्ली डाइभर्ट भयो । यस्तै दिल्लीबाट काडमाडौंको लागि उडान भरेको नेपाल वायुसेवा निगमको जहाज पनि केही बेर आकाशमै होल्ड हुन पुग्यो ।

करिब साढे ४ घण्टा विमानस्थलको एयरफिल्ड लाइटनिङ सिस्टम बिग्रिदा रातीको आन्तरिक उडान पनि प्रभावित भयो ।

नेपालमा नामको लागि ३ वटा अन्तर्राष्ट्रिय विमानस्थल भए पनि एक विमानस्थलमा समस्या आउँदा विकल्पको रुपमा भैरहवा र पोखराको विमानस्थललाई प्रयोग नगरेपछि सबैको चासो बढेको छ ।

शनिबार बिहानैदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको रनवेको बत्ती (एयरफिल्ड लाइटनिङ सिस्टम) बिग्रिएपछि दिउँसोको उडान निययमित भए पनि रातीको उडान अवरुद्ध भएको थियो । तर अवरुद्धको समयमा अन्यत्र विमानहरु डाइभर्ट गर्नुपर्नेमा केही विमान आकाशमै घुमिरहे भने केही अन्यत्र डाइभर्ट भए । विमानस्थल बन्द हुँदा भैरहवा र पोखरा डाइभर्ट गर्न सकिने वैकल्पिक व्यवस्था पनि नगरी आकाशमै होल्ड गरियो र केही अन्यत्र डाइभर्ट हुनुको कारण यहाँ ती एयरलाइन्सको प्राविधिक र सेवा नहुनु हो । चालकदलले आकस्मिक अवस्थामा नजिकको सूचीकृत पाए विमानस्थललाई विकल्पको रुपमा रोज्ने गरेका छन् ।

दुई वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल हुँदासमेत पाइलटले उडान भर्नुअघि नै जहाज अवतरण गर्ने वैकल्पिक विमानस्थल खुलाउनु पर्छ । एयरलाइन्सले उडान अगाडि विकल्पमा नराख्दा ती विमानहरु नेपालका अन्य विमानस्थलमा अवतरण नगरेका हुन् । नेपालमा हवाई इन्धन पनि महँगो हुने भएकाले जहाज अन्यत्र डाइभर्ट हुने गरेका छन् ।

गौतमबुद्ध विमानस्थलका प्रवक्ता श्यामकिशोर शाहले एयरलाइन्सले जुन सेक्टरमा उडान गर्छ, त्यता प्राविधिक टोली र कर्मचारीहरु राख्ने वा समझदारी गरेको हुन्छ । जहाज अवतरण गर्दा प्राविधिक र यात्रुलाई अन्य कठिनाइ नहोस् भन्ने सुनिश्चतता भएपछि मात्रै वैकल्पिक रुपमा जहाजहरु आउने गर्छन् । तर भैरहवा र पोखरा विमानस्थलमा सबै मापदण्डहरु पूरा भए पनि एयरलाइन्सका प्राविधिकहरु सुनिश्चत नभएको र यहाँ उनीहरुको सम्बन्ध विस्तार नभएकोले पनि डाइभर्ट विमानहरु नआएको बताए ।

ठूला जहाजलाई धेरै समयको उडान गर्दा सहज र कम खर्चिलो हुने भएकोले पनि नजिकको विमानस्थललाई विकल्पको रुपमा नरोजेको उनले जनाए ।


» *बाँकी ३ पेजमा*



प्रो. मञ्जु एण्ड सन्स्

फोन: ०७१-५३५३१७

९८५७०६०३६८, ९८५७०६०३८४

न्यू कुमकुम ज्वेलर्स

बि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित

पुराना गहनाहरु संग नयाँ गहना साटनुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

# सम्पादकीय

## मतदाता नामावलीमा नाम अनिवार्य

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मतदाता नामावलीमा नाम दर्ता गर्न साता बाँकी छ। गत बैशाखमा स्थगित भएको मतदाता नामावली संकलन कार्य नव युवा विद्रोह पछि पुनः सुरु गरिएको हो।

निर्वाचन आयोगले जिल्लास्थित निर्वाचन कार्यालयमा गई मतदाता नामावलीमा नाम दर्ता गर्न सकिने व्यवस्था गरेको छ। अनलाइनबाट पनि फर्म भर्न सकिने व्यवस्था मिलाएर सेवा प्रवाहमा छरितो बनाउन आयोगले पहलकदमी लिएको छ। नवयुवाले मतदाता नामावलीमा नाम दर्ता नगरेको गुनासो आएपछि आयोगले मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि पुनः एक महिनाको समयसीमा राखेर खुला गरेको हो।

लोकतन्त्रमा आवधिक निर्वाचन अपरिहार्य हुन्छ। आवधिक निर्वाचन र त्यो निर्वाचनमा अधिकतम नागरिकको सहभागिताले मात्रै लोकतन्त्रलाई बलियो र संस्थागत बनाउँछ। आवधिक निर्वाचन हुने, तर नागरिक सहभागिता न्यून हुँदा लोकतान्त्रिक व्यवस्था र पद्दती राम्रो हुन सक्तैन्। नागरिक सहभागिताले नै राम्रो नेतृत्व छानिने सुनिश्चित हुन्छ। नागरिक सहभागिता उत्साहजनक भएन् भने लोकतन्त्रको भविष्यमाथि चुनौती खडा हुन्छ। अधिक नागरिकको सहभागिताले नै हो व्यवस्थाप्रति अपनत्व गराउने। नागरिकले शासन प्रणालीप्रति अपनत्व गर्दा सरकार र व्यवस्था बलियो बन्छ नै, सरकार पनि नागरिकप्रति जवाफदेही बन्न दबाब पर्छ। पछिल्ला वर्ष राजनीतिप्रति नवयुवा टाढिंदै गएको टिप्पणी भइरहेको बेला जेनजी विद्रोहपछि नवयुवा राजनीतिमा जोडिंदै छन् भन्ने सन्देश प्रकट भएको छ। निर्वाचन आयोगले विद्रोहपछि नवयुवालाई निर्वाचनमा सहभागी हुन पाउने वातावरण तयार गरेर युवाप्रतिको सम्मान गरेको छ।

नवयुवाहरुले पनि सूचना प्रविधिको प्रयोग गरी सामाजिक सञ्जालमार्फत् असन्तुष्टि जनाउने र प्रश्न गरिरहने गरिरहेका छन्। शासन प्रणाली र नेतृत्वप्रति उनीहरुले प्रश्न गर्नु स्वाभाविकै हो। लोकतन्त्रमा प्रश्न गर्न पाउने अधिकार छ। तर सधैं प्रश्न गरेर मात्रै हुँदैन्, प्रश्न गर्नेहरुले समस्या समाधानको बाटो पहिल्याउन पनि सक्नुपर्छ। समस्या समाधानको बाटो भनेको निर्वाचनमार्फत् आफूले मन लागेको दल र प्रतिनिधिलाई मत दिनु हो। गलत गर्ने दल र नेतालाई किनारा लगाउनु हो। त्यसका लागि मतदाता नामावलीमा नाम दर्ता पहिलो शर्त हो। त्यसपछि मतदानका दिन तोकिएको मतदान केन्द्रमा पुगेर मतदान गर्दा मात्रै सचेत नागरिकको जिम्मेवारी पूरा हुन्छ।

नागरिक जिम्मेवार भए मात्रै मुलुक सही लयमा अघि बढ्छ। शासन सत्तामा बस्नेहरु गैरजिम्मेवार हुने छुट नागरिकले बेवास्ता गर्दा नै हुने हो। तसर्थ अब बाँकी समयसीमाभित्र मतदाता नामावलीमा नाम दर्ता गरेर चुनावमा मत राख्ने अधिकारको सुनिश्चित गरौं।

# प्रचण्ड इतिहासको निस्तेज प्रचण्ड र ओइलिएको पुष्पकमल !



एच.के. श्रेष्ठ

हिजोको मगमग बास्नाको पुष्पकमल 'फूल होइन राजनीतिक पुष्पकमल पछिल्लो कालखण्डमा ओइलाइसकेका छन्। उनी नवउदारवादी बजारको प्लास्टिकको पुष्प भएका छन्। उनको २०७४ सालसम्मको क्रान्तिकारी बास्ना र रङ्ग उडिसकेको छ। अब ओइलाएर घुर्मैलो र डिस्कलर भएको पुष्पकमललाई कसैले टिप्ने र सम्झाउने अवस्था छैन। उनको प्रचण्ड क्रान्तिकारी छविको राप र ताप अब मधुरो, मलिन भइसकेको छ। उनी चढेर उचाइमा पुगेको राजनीतिक भऱ्याङबाटै बज्रारिएर निस्तेज भइसकेका छन्।

"इतिहास अपराध र दुर्घटनाहरूको फेहरिस्त मात्र हो" फ्रेन्च दार्शनिक भोल्टेयरको यो महत्त्वपूर्ण भनाइ नेपाली जनताले भोग्नु पर्ने बाध्यात्मक संस्कृति भइसकेको छ। जनताले इतिहासको रूपमा गर्व गर्न पाइन्छ कि भन्ने ठानेका राजनीतिक इतिहासहरू क्रमशः अपराध र दुर्घटनाहरूको फेहरिस्तमा सावित हुँदै जाँदारहेछन्। अर्का जर्मन दार्शनिक फ्रेड्रिख नित्सेले भनेजस्तो 'स्मारकीय (मनुमेन्टल) इतिहास, जो महान् क्षण र महान् घटनाहरूको सङ्ग्रह' नेपाली राजनीतिको समय बित्दै जाँदा दुर्घटनाग्रस्त हुँदै गइरहेको छ। ती सुन्दर राजनीतिक, ऐतिहासिक घटनाहरू प्राक्कालिन अर्थात् पौराणिक (एन्टिक्युरियन) इतिहासको अस्तित्वमा रहेर मानवता सुचारुको रूपमा रहन सकेन।

दशकौंसम्म कठोर राजनीतिक जीवन गुजारेर सुपर म्यानको रूपमा 'सुप्रा हिस्ट्री' (उच्चतम चेतनाले सिर्जित वास्तविक र सिर्जनशील इतिहास) कायम गर्न खोजेका प्रचण्ड (पुष्पकमल दाहाल) भूत र वर्तमानको चित्त बुझाउन नसक्ने हविगतको डिनउमन्ट्( निस्कर्ष पतन) मा पुगिसकेका छन्। उनैले भनेका महान् जनयुद्धको इतिहासमाथि तेजाब खन्याउने काम उनैबाट भएको छ। इतिहासका कुनै मोडको जनयुद्धमा देव शक्ति जस्तो, सुपरम्यान जस्तो हैसियतको जस्तो मानिएको र सर्वत्र सूर्यझैं आशाको किरणले प्रचण्ड औकातको प्रचण्ड जनयुद्धको नेतृत्वकालसम्म आइपुग्दा क्रान्तिकारी हिरो थिए भन्नेमा प्रश्न थिएन। साँच्चै उनी मुक्तिकमी नेपाली जनतामा प्रचण्ड रुपमा छापित थिए। उनले नेपाली जनता र विशेष गरी सर्वहारा, सुकुम्बासी, किसान, मजदुर, दलित, आदिवासी, जनजाति, मुस्लिम तथा सबै खालका वर्गीय, लिङ्गीय, जातीय र क्षेत्रीय उत्पीडितहरूबाट अति सहानुभूति पाएका पनि हुन्। उनले क्रान्तिकारी हिरोको सर्वोत्तम भूमिका निभाएका पनि हुन्। २०७४ सालको अन्तिमसम्मको उनको राजनीतिक जीवन सम्मानित र अस्तित्ववान् नै रहेको थियो। नेपाली धर्तीमा सबै मुक्तिकामी जनताको पक्ष्यको नढल्ने, नगलने र नहार्ने प्रतापी प्रचण्ड तथा पुँजीवादी, सामन्तवादी र शोषक वर्गको विरुद्ध अति कडा प्रचण्ड थिए। तर आफ्नो इतिहासको विरासत जलाउने काम २०७५ सालको जेठबाट एमालेसँग पार्टी मिसाएर गरे। अहिलेसम्म आइपुग्दा आफ्नै नेतृत्वमा कायम गरेका महान हिस्टोरिकल गौरवलाई अ-हिस्टोरिकल आफैंले बनाउँदै छन्।

के भनेर प्रचण्डले जनयुद्ध सुरु गरेका थिए ? कुन उद्देश्यले जनयुद्ध गरे ? नेपाली जनतालाई कस्ता-कस्ता सपना बाँडेका थिए ? र के प्राप्ति भएपछि टुङ्गे र आफ्नो गौरवमय इतिहास पुर्नतिर लागे ? सबैले बुझिसकेका छन्। डा. बाबुराम भट्टराईले नयाँशक्ति खोल्दा "कम्युनिष्ट पार्टी छोडेर भागे" भनेका प्रचण्ड यद्यपि नामको मात्र मेटिएको कम्युनिष्ट समइन बोर्ड राखेर स्वयम् आफूले पनि कम्युनिष्ट पार्टी छाड्दै भाग हुने्।

यद्यपि कार्यकर्ता भुलाउन र अस्थित्वको खातिर एमालेसँगको एकतामा कम्युनिष्ट एकता गरेका थिए। प्रचण्डले कम्युनिष्ट एमालेसँग एकता गरे भन्नु हास्यास्पद मात्र हो। उनले कम्युनिष्ट एकता गरेको हो भने मोहन वैद्य, मोहनविक्रम, विप्लव, गोपाल किराँती, चित्रबहादुर के.सी. नेतृत्व र आहुतीलगायतको पार्टीसँग पो गर्नु पर्दथ्यो। आफैंले भन्दै आएका प्रतिक्रियावादी पार्टी एमाले, कांग्रेसजस्तासँग एकता गरेर कम्युनिष्ट एकतामा आफ्नो दलको प्रचण्ड विरासत नै सिध्याएका थिए।

"बीसौं शताब्दीको अन्तिमतिर आएर विश्व कम्युनिष्ट आन्दोलनलाई बिसर्जन गर्ने र पुँजीवादी बुर्जुवा जनवादमा पतन गराउने कार्य यिनै दक्षिणपन्थी संशोधनवादीहरूले गरेको कुरा स्वतः प्रष्ट छ। यहाँ प्रक्रियामा नै एमालेको बहुदलीय जनवादले आर्थिक रूपमा सुधारवादको वैचारिक रूपमा विसर्जनवादको र दार्शनिक रूपमा सून्यवादको प्रतिनिधित्व गर्दछ।" यो भनाइ २०६३ साल आश्विनमा नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठनद्वारा प्रकाशित 'नयाँ दिशाबोध' मा यिनै कमरेड प्रचण्ड/ पुष्पकमल दहालले दिएको अभिव्यक्ति हो। जो सार्वजनिक रूपमा सधैं भन्दै आएकै हुन्। त्यसो हो भने २०७५ सालमा आइपुग्दा उनको क्रान्तिकारी कम्युनिष्ट पार्टी नेकपा एमालेसँग एकता गर्दा एमाले क्रान्तिकारी कम्युनिष्टमा रूपान्तरण भएको हो त ? प्रचण्डले यो प्रश्नको अनुत्तरित हावा काम गरेका थिए, अएिनन् ? त्यसोत प्रचण्ड आफैं सुधारवाद, विसर्जनवाद र सून्यवादको भूमरीमा फन्फनी घुमिरहेका थिए र छन्, जसको निकास अझै छैन।

"काग बाठो भएपछि गू खान्छ" भनेजस्तो बढी क्रान्तिकारी बाठो हुन खोज्दा अस्तित्वमैं धमिरा लागिसकेको छ। क्रान्तिकारी युद्धबाट थाकेर स्केपिजम् (भगुवावादी) नीति र मार्ग अवलम्बन गरेका प्रचण्ड आफू र निश्चित घेराको स्वार्थको पराकाष्ठा स्वरूप कहिले कांग्रेस, राप्रपासँग चुनावी तालमेल त कहिले एमालेसँग पार्टी मिलानमा विलुप्ती भए। आफूले भन्दै आएका विभिन्न कालखण्डमा आफू प्रवेश गरेका पार्टीमा पुरानो भङ्ग र नयाँ-नयाँमा आफ्नो नेतृत्वको सपना एमालेसँग एकतापछि विफल हुने नै थियो र भयो पनि। एमालेसँग एकतासम्म आइपुग्दा उत्तर आधुनिकतावादी चेतनाको प्रवाह (स्ट्रीम अफ कन्सस्नेस्) माइन्डले ग्रसित थिए उनी। यसको मतलब एकै समयमा बहुसपना वा बहुविषयहरू दिमागमा खाँदिएर आउने र महत्वकांक्षाको शिकार हुने। सँगसँगै संसदीय सपना, ठूलो पार्टी बन्ने र ठूलै पार्टीको नेता बन्ने इच्छा, प्रधानमन्त्री बन्ने आकाङ्क्षा आदिआदिका चेतनाको प्रवाहको कारण नेकपामा परिणत भइहाले। तर उनले जति सुनौलो अवसर सोचेर सुखान्तको भऱ्याङमार्फत् दुर्दशापूर्ण दुखान्तमा अन्त्य हुने नै थियो त्यति बढी चुनौती बेहोर्दै भैछाड्यो। "चौटा खान गएकी बूढी झोलमा डुबेर मरी" व्यहोरे र व्यहोर्दै छन्।

एमालेलाई कम्युनिष्ट सपोज गरेर भएको एकताको नामबाट नेकपाको सह-अध्यक्ष पद उनको लागि फलामको चिउरा, उनी एमालेमा ओली, माधव, झलनाथको फुटबल बन्न परेको बाध्यतासहित एमालेमा माओवादी केन्द्र जोडिएको नेकपा नामको दलभित्र पुरानो एमालेको आन्तरिक द्वन्द्व पहलुको प्रयोगमा प्रचण्ड पिसिनु परेको थियो। माधव, झलनाथ र वामदेव गुटले उनलाई प्रयोग गर्ने र ओली गुटविरुद्ध हतियार काँधमा थम्याइदिने अभ्यासको बन्धक बने। कुनै बेला सबैलाई आदेश पालना गराउने सर्वोच्च कमान्डर प्रचण्ड अर्काको आदेश पालकको निरिह्यतामा भए। माधव नेपाल र झलनाथ गुटको कर पाए अलि कस्सिएर भुक्ने र उनीहरूको आड नपाउँदा ओलीसँग लोज्जिने गरेका प्रचण्ड एमालेभित्रकै गुटहरू मिलेर तेलपानीसँगै पिना बाहिरको पिना बनाइदिए। भावनात्मक होइन वस्तुगत वा भौतिक रूपमै नजुटेको नेकपा पुनः फुटेर नयाँ टुक्राहरू स्वभाविक हो। यदि अपवाद भएको र महाधिवेशनसम्म गएको भा पनि उनले भन्ने गरेको सुधारवाद, विसर्जनवाद र सून्यवाद बोकेको बहुदलीलय जनवादको खाए खा नखाए घिचको नेता बन्नेथे।

ग्रीक पौराणिक दुःखान्त नाटककारका पिता इक्किलसको दुखान्त नाटक 'अगामेम्नन्' का दुखान्त हिरो दश वर्ष स्पार्टा युद्धको कमाण्डरको रूपमा सक्रिय लडाइँ लडे, तर युद्धबाट घर फर्केपछि आफ्नै श्रीमतीबाट उनी समाप्त हुनु परेको थियो। त्यही 'अगामेम्नन्' जस्तै आफ्नै कारण र आफ्नै नातावाद र क्रियावादकै कारण पतन भएका छन् प्रचण्ड। "संसद खसीको टाउको झुण्ड्याएर, कुकुरको मासु बेच्ने थलो हो" भन्ने प्रचण्ड अहिले भटाभट कुकुरका मासु बेच्दै छन्। दिनानुदिन नेपाली राजनीतिक बजारमा नक्कली व्यापारी बनेर क्रान्तिकारी छवि समाप्त पार्दै छन्।

आफू प्रधानमन्त्री र आफ्नो दलका हिजोका क्रान्तिका प्रचण्ड नेताहरुले राज्यमा देश र जनताको तात्विक परिवर्तनमा कुनै हाइहाइको पहलकदमी र निर्णयहरु लिन सकेन। केवल संसदीय परम्परा धान्ने काम गरे।

यसरी संसदीय विसर्जनवादमा पतन भएको माओवादी केन्द्र प्रचण्ड उनले कम्युनिष्टले विश्वासै नगर्ने र गर्न नै नहुने बुर्जुवा लोकतन्त्र र यसभित्रको बहुमत र अल्पमतको निर्धारणमा फस्दै आए। सरकारमा आफ्नो नेतृत्वको पद प्राप्तीको अनेकौं तिक्डमलाई उथलपुथल ठानेर जनयुद्धको मर्म, भावना र वेदनाको जनताको अवस्था उथलपुथललाई आफु, गुट र नातागोतामा ट्रान्सूलेसन् गरिदिए। यस्तैमा गुठबन्दी वा दलबन्दीमा समेत क्याम्प परिवर्तन स्वरुप हिजोका पूर्व एमाओवादीमा प्रचण्डका रक्त सञ्चार र बलीयो आधार मानिएका लेखराज भट्ट, बादल, टोपबहादुर रायमाझीलगायतकाहरु ओली क्याम्पमा आड लागे। प्रचण्ड क्रान्तिकारी नरहेर ओलीसँगको एउटै स्वरुप र विशेषताको भइसकेपछि र आखिर खशीको टाउको झुण्ड्याएर कुकुरकै मासु व्यापारी हुने संसदवादी भइसके पछि उनीहरु प्रचण्डलाई किन नछाडुन् ? आँखिर मुख्य साहु ओलीतिरै लागे धेरै नाफा हुने भयो। बुर्जुवा संसदीय व्यवस्थाको घिन लाग्दो विशेषता नै यहि हो। प्रचण्ड वा माओवादी केन्द्र स्वयम् बुर्जुवा चुनावलाई बढी महत्व दिँदै भएका लगभग सबै दलहरुसँग काइते तथा घोर अवसरवादी साठगाँठ र तालमेल गरेर संसदीय निकायहरुमा केही कुर्सी पद लाभ गरेर पोलिटिक्स् र पार्टी दुबै सिध्याएका हुन्।

कालान्तरमा बिनास काले विपरीत बुद्धि फेरि आन्तरिक, बह्य प्रश्नै प्रश्नको माधव नेपाल र अन्य अवसरवादी झुण्डहरुको अनौठो आठ दल बटुलेर भ्यागुताको धार्नी पुऱ्याउँदै छन्। फेरि आफ्नो दलको केही नेता कार्यकर्ता फोहोरको डंगुरबाट निस्केर जान बाध्य बनाएर आफैं धुरि बनिरहने असफल घातक सफलता हात पारेका छन्। भुत्ते विचारलाई क्रान्तिकारी विचारमा बदलेर कम्युनिष्ट सिद्धान्त तिर फर्कनुको बदला झन सकिने बाटो लागेका छन्। पार्टी, विचार, इतिहास सबै ध्वस्त पारे।

तत्कालीन सशस्त्र युद्धले विजय प्राप्त गर्दागर्दै उनीहरूले भन्ने गरेको नेपाली क्रान्तिले विश्वलाई नेतृत्व गरेको र विश्व कम्युनिष्ट आन्दोलनलाई नै नेतृत्व प्रदान गरेको क्रान्तिकारी कम्युनिष्ट पार्टी एमाओवादी थियो। विश्व राजनीतिक इतिहासमा प्रभावशाली भएर स्थान लिएको त्यो क्रान्तिकारी पार्टीलाई नेपाली मात्र होइन विश्व इतिहासले अहिले खोजिरहेको छ। २०५२ देखि २०७४ सालसम्मको बाइस वर्षमात्रै हो त्यो पार्टीको आयु ? विश्व हल्लाएको, सत्रौ हजार शहादत बलिदान गरेको, लाखौं अङ्ग-भङ्ग भएको, लाखौंको घरबारविहीन भएको र अरबौंको भौतिक क्षति गुमाएर विशालीकरण भएको त्यस्तो क्रान्तिकारी पार्टी आज खै नेपालमा भनेर विश्व इतिहासले खोजिरहेको छ। त्यस्तो क्रान्तिकारी पार्टी युगौंसम्म रहने र उद्देश्य पूरा गर्दै जाने हुनुपर्ने होइन र ? खै त्यो पार्टी अहिले ? त्यो नेकपा हो ?

यसर्थ उनी अब पुष्पकमल र प्रचण्ड होइनन् लेनिनले सरापेको गद्दार नेपाली काउत्स्की भइसकेका छन्। हिजोको मगमग वास्नाको पुष्पकमल 'फूल होइन राजनीतिक पुष्पकमल पछिल्लो कालखण्डमा ओइलाइसकेका छन्। उनी नवउदारवादी बजारको प्लास्टिकको पुष्प भएका छन्। उनको २०७४ सालसम्मको क्रान्तिकारी बास्ना र रङ्ग उडिसकेको छ। अब ओइलाएर घुर्मैलो र डिस्कलर भएको पुष्पकमललाई कसैले टिप्ने र सम्झाउने अवस्था छैन। उनको प्रचण्ड क्रान्तिकारी छविको राप र ताप अब मधुरो, मलिन भइसकेको छ। उनी चढेर उचाइमा पुगेको राजनीतिक भऱ्याङबाटै बज्रारिएर निस्तेज भइसकेका छन्।

# नेप्से परिसूचकमा ३०.०२ अङ्कको गिरावट



काठमाडौं। साताको पहिलो कारोबारको दिन आइतबार नेप्से परिसूचक उच्च अङ्कले घटेर बन्द भएको छ।

नेप्से परिसूचक ३०.०२ अङ्क घटेर २५६६.०९ विन्दुमा झरेको छ। त्यस्तै सेन्सेटिभ इण्डेक्स ५.९० अङ्कले घटेको छ भने फ्लोट इण्डेक्स २.४२ अङ्क र सेन्सेटिभ फ्लोट इण्डेक्स २.२१ अङ्कले घटेको छ।

आइतबार कारोबारमा आएका ३२३ कम्पनीको १ करोड ६ लाख १९ हजार कित्ता शेयर ४ अर्ब ९० करोड ७६ लाख २४ हजार रुपैयाँ बराबरको खरिदबिक्री भएको छ। नेप्सेसँगै कारोबार रकम पनि घटेको छ। गत आइतबार ५ अर्ब ४१ करोड रुपैयाँ बराबरको शेयर खरिदबिक्री भएको थियो।

नेप्से परिसूचकका १३ वटै उपसमूहको परिसूचक घटेको छ। जसमध्ये वित्त उपसमूहको परिसूचक २.९१ प्रतिशत घटेको छ। तर यता बैंकिङ, विकास बैंक, लगानी, जीवन बिमा, लघुवित्त, म्युचुअल फण्ड जलविद्युत र निर्जीवन बिमा उपसमूहको परिसूचक १ प्रतिशतभन्दा बढी बढेको छ।

आइतबार नेप्से परिसूचक घटे पनि ती कम्पनीको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ। जसमा दरमखोला हाइड्रो इनर्जी, माबिलुङ्ग इनर्जी र सागर डिस्टिलरीको शेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो। तर यता उन्नति सहकार्य लघुवित्त वित्तीय संस्थाको सेयर मूल्य भने १० प्रतिशत घटेको छ।

कारोबार रकमका आधारमा युनियन हाइड्रोपावर कम्पनीको २७ करोड ७६ लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको छ। त्यस्तै, नेपाल पुनर्बीमा कम्पनीको कारोबार रकम साढे २३ करोड रुपैयाँ नाघेको छ।

# चिया पिउँदा एसिडिटीबाट बच्न के गर्ने ?



बिहान र साँझको चिया हरेक नेपालीको भान्सामा बनाइन्छ।

धेरै मानिसहरू यसको लतमा छन् कि तिनीहरू बिना चिया आफ्नो दिन सुरु गर्न असमर्थ हुन्छन्।

चिया कसैको लागि ऊर्जा पेय जस्तै हो।

तर, यसका बेफाइदा पनि कम छैनन्।

चिया पिउनेहरूलाई एसिडिटी र कब्जियतको समस्या हुन्छ, तर एउटा टिप्स अपनाएर यसबाट बच्न सकिन्छ।

चियाले हाम्रो शरीरमा पिसाब उत्पादन बढाएर शरीरमा पानीको कमीलाई बढवा दिन्छ, जसले गर्दा हाम्रो मस्तिष्कमा पानीको भण्डार घट्छ।

त्यसैले शरीरलाई हाइड्रेटेड राख्नका लागि चियाभन्दा बढी पानी पिउनु जरुरी छ।

डाक्टरका अनुसार चिया वा कफी पिउनुअघि पानी राम्ररी पिउनुपर्छ। किनभने चियाको पीएच लेभल ६ र कफीको ५ हुन्छ। जब पीएच लेभल ७ भन्दा कम हुन्छ भने त्यो चिज अम्लीय हुन्छ।

यदि तपाईं यस्ता चीजहरूको सेवन गर्नुहुन्छ भने तपाईं निश्चित रूपमा एसिडिटी वा कब्जियतको समस्या सामना गर्नुहुनेछ।

त्यसैले जोखिम कम गर्न, प्रशस्त पानी पिउनुपर्छ।

एसिडिटीले धेरै रोगलाई निम्तो दिन्छ।

एसिडिटीका कारण क्यान्सर, अल्सर र अन्य धेरै रोगको मानिसहरू सिकार बन्न सक्छन्।

चिया प्रेमीहरू दिनहुँ चिया पिउने गर्छन् तर आफ्नो स्वास्थ्यप्रति त्यति सचेत छैनन्।

यो पिएर उनीहरू आफ्नो पेटको स्वास्थ्यसँग खेलबाड गरिरहेका छन्।

यदि तपाईं चिया पिउन चाहनुहुन्छ भने पनि यसरी पिउनुहोस् कि यसले तपाईंको स्वास्थ्यलाई हानी नहोस्।

# स्याङ्जाका कृषकहरू धान भित्र्याउन व्यस्त



स्याङ्जा । लगातारको झरी रोकिएपछि मौसममा आएको सुधारसँगै स्याङ्जाका कृषक धान भित्र्याउन ब्यस्त भएका छन् । केही दिनअघि लगातार परेको वर्षाका कारण काटेर खेतमा सुकाएको धान भिजाएको थियो भने काट्न तयार भएको धान झर्ने अवस्थामा पुगेको थियो ।

बङ्गालको खाडीबाट विकसित 'मोन्था' चक्रवातको कारणले भएको वर्षाले पाकेको धान भित्र्याउन नपाएपछि किसान मर्कामा परेका थिए । पछिल्लो हप्ताबाट मौसममा सुधार आएसँगै पानीले भिजेको धानलाई भित्र्याउन र नकाटेको धान काट्न कृषकहरु व्यस्त भएका हुन् ।

पुतलीबजार नगरपालिका-१० का कृषक चण्डी भण्डारीले भिजेको धानको पराल कामै नलाग्ने गरी कुहिएको बताए । 'झण्डै एक हप्ता परेको वर्षाले भिजेको धान कालो भएको छ,' उनले भने-'भिजेको धानको चामल कस्तो हुन्छ, पछिनै थाहा होला तर पराल भने कामै नलाग्ने अवस्थामा पुगेको छ ।'

परम्परागत धान लगाउनेको तुलनामा हाइब्रिड (विकासे) धान लगाउने कृषक धेरै मर्कामा परेका छन् । आफूहरुले लगाएको विकासे धानमा टुसा पलाउने अवस्थामा पुगेको उनीहरुले बताए । छिमेकीले लगाएको परम्परागत धानको अवस्था सामान्य भए पनि काटेर सुकाएको विकासे धानमा टुसा पलाउने अवस्थामा पुगेको उनीहरुको भनाइ छ ।

मौसममा आएको बदलीले अझै पनि पानी पर्ने हो कि भन्ने त्रासमा आफूहरु रहेको भन्दै चापाकोटका स्थानीय कृषक दिपक पौडेलले काट्दा पाकेको धान भिज्ने होकी भन्ने डर, नकाट्दा झरेर सकिने होकी भन्ने त्रास । जिल्लाका अधिकांश कृषकले काटेको धान भित्र्याउने र धान काट्ने काममा ब्यस्त भएको जिल्ला कृषि ज्ञानकेन्द्र स्याङ्जाले जनाएको छ ।

जिल्लाका ११ वटै पालिकामा धान बाली लगाइने गरिएको छ । आँधीखोला किनार, कालीगण्डकी नदी किनार, ज्याग्दीखोला किनार, चापाकोटटार, रत्नपुर, कुवाकोट, गल्याङ क्षेत्र, सेतीदोभान फाँट, बिरुवा फाँट, लामागे, डौवा, वयरधारी, ठूलीबेशीलगायतका फाँटहरु धान खेतीका लागि उर्वर क्षेत्र हुन् ।

स्याङ्जामा करिब १४ हजार हेक्टर जमिनमा सावित्री, मन्सुरी, रामधान, हाइब्रिड प्रकृतिका साथै केही उन्नत जातको धान खेती गरिँदै आएको केन्द्रले जनाएको छ । उन्नत धानसँगै केही स्थानीय कृषकले रैथाने जातका धान पनि रोप्ने गरेको केन्द्रले जनाएको छ ।

# बुटवल चौतारीद्वारा रक्तदान




बुटवल । रगतको अभाव बढ्दै गएको समयमा रोटरी क्लब अफ बुटवल चौतारीले वृहत् रक्तदान कार्यक्रम आयोजना गरेको छ । "जीवन बचाऔं, रक्तदान गरौं" भन्ने नारासहित आयोजित उक्त कार्यक्रममा १०१ युनिट रगत संकलन गरिएको छ ।

रोट्र्याक्ट क्लब अफ बुटवल चौतारी र रोट्र्याक्ट क्लब अफ भैरहवा चौतारीसँगको सहकार्यमा सम्पन्न कार्यक्रमले समुदायमा रक्तदानप्रति सकारात्मक सन्देश फैलाएको आयोजकहरूले बताएका छन् । रक्तदान कार्यक्रममा क्लबका अध्यक्ष राजु अधिकारी, पूर्वअध्यक्ष दिनेशमणि सुवेदी, निवर्तमान अध्यक्ष नुमेन्द्र पौडेल, चार्टड प्रेसिडेन्ट डा. विष्णु घिमिरेलगायत क्लबका पदाधिकारी र सदस्यहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

रक्तदान कार्यक्रमका संयोजक बासुदेव भुसालकाअनुसार, हालकादिनहरूमाबुटवल क्षेत्रका अस्पतालहरूमा रगतको चरम अभाव देखिएको हुँदा क्लबले सामूहिक पहलमार्फत् वृहत् रक्तदानको आयोजना गरेको हो ।

क्लबका संस्थापक अध्यक्ष डा. विष्णु घिमिरेले भने-"रगतको अभावका कारण कोही पनि बिरामीले ज्यान गुमाउन नपरोस् भन्ने हाम्रो उद्देश्य हो । समाजको आवश्यकता अनुसार रोटरी क्लब सधैं सेवामुखी कार्यमा अग्रसर रहन्छ ।"

कार्यक्रममा सहभागी निवर्तमान अध्यक्ष नुमेन्द्र पौडेलले पनि रगतदानलाई क्लबको नियमित सामाजिक जिम्मेवारीको रूपमा निरन्तरता दिइने बताए ।

उनले भने-"गत वर्ष हामीले १६८ युनिट रगत संकलन गरेर सम्मान प्राप्त गरेका थियौं । यस वर्ष पनि उत्साहजनक सहभागिताले हाम्रो प्रयास सफल भएको छ ।"

रक्तसञ्चार केन्द्र बुटवलले कार्यक्रममा प्राविधिक सहयोग प्रदान गरेको थियो । क्लबका पदाधिकारीहरूले केन्द्रप्रति धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा अझ प्रभावकारी रूपमा रक्तदान कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

रोटरी क्लब अफ बुटवल चौधरीले विगतदेखि नै स्वास्थ्य, शिक्षा र सामाजिक सेवासँग सम्बन्धित विभिन्न जनकल्याणकारी कार्यक्रम गर्दै आएको छ । यसपटकको रक्तदान अभियानले स्थानीय युवाहरूमा सेवा भावना र सामाजिक उत्तरदायित्वप्रतिको चेतना झनै बढाएको सहभागीहरूले बताएका छन् ।

रक्तदान कार्यक्रमका संयोजक बासुदेव भुसाल सञ्चालक रहेको हाइलाइफ एग्रो एण्ड फुड इण्डष्ट्रिज लिमिटेडले कार्यक्रममा ठूलो सहयोग पुऱ्याएको भन्दै क्लबले धन्यवाद दिएको छ ।

**चुनाव...**

राष्ट्रपति पौडेलले प्रविधिको दुरुपयोग गरेर भ्रम, मिथ्या एवम् संशयपूर्ण सूचना सम्प्रेषणबाट जनतालाई दिग्भ्रमित पार्न सक्ने खतराबाट जोगाउनु जिम्मेवार आमसञ्चार माध्यमको दायित्व भएको धारणा राखे ।

त्यसैगरी सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदिश खरेलले आमसञ्चार माध्यमलाई व्यवसायिक रुपमा अघि बढाउन प्रसारण गर्ने विषय सामग्री महत्वपूर्ण हुने भन्दै यसमा ध्यान दिन आग्रह गरे ।

मन्त्री खरेलले सार्वजनिक सेवा प्रसारणले फरक र सिर्जनात्मक विषयवस्तु प्रसारण गर्नुपर्ने चुनौती रहेको भन्दै यसलाई दिगो रुपमा अगाडि बढाउन आवश्यक रहेको बताए ।

कार्यक्रममा सार्वजनिक सेवा प्रसारण नेपालको प्रतीक चिह्न लोगो सार्वजनिक गरिएको थियो भने नयाँ च्यानल एन टिभी वर्ल्डको शुभारम्भ गरिएको थियो ।

**ट्रंकलाइन...**

बैठकमा उद्योगीहरूले नेपाल विद्युत् प्राधिकरणले यसअघि रकम बुझाउने गरी दिएको २८ किस्ताको एक किस्ता बराबर रकमलाई किस्ताका रूपमा नभई विवादित रकम मानी धरौटीका रूपमा बुझाएपछि काटिएको विद्युत् लाइन तुरुन्त जोडिने सहमति भएको थियो ।

धरौटी रकम बुझाएपछि उद्योगीहरू प्रशासनिक पुनरावलोकनमा समेत जान पाउने र अन्य कानुनी उपचार पनि खोज्न सक्ने गरी सहमति भएको महासंघ अध्यक्ष चन्द्र ढकालले जानकारी दिए । सम्बन्धित उद्योगीले प्राधिकरणमा धरौटी बुझाउँदा नै सोही निवेदनमा आफ्नो असहमति समेत राखी पुनरावलोकन एवं अन्य बेहोरा उल्लेख गरी पेस गर्न सक्ने सहमति भएको थियो ।

करिब दुई दर्जन उद्योगले 'डेडिकेटेड' र 'ट्रंक लाइन' प्रयोग गरेबापत प्रिमियम रकम नबुझाएको भन्दै प्राधिकरणले लाइन काटेको थियो । सहमतिपछि रकम बुझाउने उद्योगको लाइन जोडिएको छ ।

**रास्वपाले...**

रास्वपाले समानुपातिक बन्दसूचीको खाकालाई थप उन्नत, वैज्ञानिक र वस्तुपरक बनाउँदै संविधानले निर्दिष्ट गरेको जातीय क्लस्टर मात्र नभई क्लस्टरमा आधारित जनसांख्यिक प्रादेशिक अनुपात र २०७९ सालको आम निर्वाचनमा पार्टीले प्राप्त गरेको समानुपातिकतर्फको मतको प्रादेशिक अनुपादका आधारमा ११० जना उम्मेदवारको बन्दसूचीको खाका निर्माण गरेको जनाएको छ । यो व्यवस्थाले प्रदेशको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुका साथै प्रदेशको क्लस्टरमा आधारित जनसांख्यिक अनुपातलाई पनि सम्बोधन गरेको रास्वपाको दाबी छ ।

जेनजीको प्रतिनिधित्वलाई समानुपातिक बन्दसूचीमा समेट्दै ४० वर्षबिचका युवाका लागि उनीहरुको जनसंख्या अनुपातकै आधारमा २७ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको छ । त्यसैगरी प्रवासबाट उम्मेदवार बन्न फर्किने नेपालीका लागि १० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको रास्वपा प्रवक्ता झाले जानकारी दिए ।

**गौतमबुद्ध...**

भैरहवा थाइ एयर एसियाको उडान अहिले भइरहेको छ, यहाँ ग्राउण्ड हेण्डलिङको लागि पर्याप्त टिम छ, तर इञ्जिनियरिङ टिम मर्मत सम्भारका लागि उपलब्ध नभएकोले पनि नआएका प्रवक्ता शाहले जनाए ।

जहाँ धेरै उडान हुँदैन त्यहाँ विमान कम्पनीले लगानी गर्दैनन्, काठमाडौंमा विभिन्न कम्पनीको आफ्नै मर्मत सम्भार टोली छ र केहीले अरुसँग सम्झौता गरेकोले वायु सेवाहरुको प्राविधक काम समाधान गरिरहेको भएता पनि यहाँ त्यस्तो छैन । डाइभर्ट भएर बाहिर जानु भनेको यहाँभन्दा बढी सेवा सुविधा रहेकोले बाध्य भएर जान्छन् । इन्धन शुल्कले पनि कतिपय विमानहरु बाहिर जाने गरेकोले यो विमानस्थललाई विकल्पको रुपमा प्रयोग नगरेको प्रवक्ता शाहले बताए ।

भैरहवाको हकमा एयर चाइनाले २-३ पटक डाइभर्ट गरेको छ । काठमाडौंबाट सवा एक घण्टामा ढाका, एक घण्टामा लखनउ पुगिन्छ, तर भैरहवा र पोखरा २० मिनेटमै जाँदा विमानमा असर पर्ने गर्छ । इन्धनको हकमा पनि भारतमा यहाँभन्दा १ सय ५६ डलर र ढाकामा करिब २ डलर प्रति किलोलिटरले सस्तो भएकोले पनि नेपालभन्दा बाहिर रोज्ने गरेका छन् ।

त्रिभुवन विमानस्थलमा रनवेको बत्तीमा देखिएको समस्याका कारण इतिहासमा नै पहिलोपल्ट उडान अवरुद्ध भएको हो । पूर्णरूपमा सञ्चालनमा रहेको मुलुकको पहिलो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बन्द हुँदा आन्तरिक तथा बाह्य उडानसँगै हजारौं यात्रुहरू अलपत्र परेका थिए । विमानस्थल बन्द हुँदा भारत, बंगलादेशलगायत देशहरूमा डाइभर्ट भएका अन्तर्राष्ट्रिय उडान पुनः काठमाडौं विमानस्थल फर्किएका छन् ।

हाल मुलुकभित्र तीन अन्तर्राष्ट्रिय विमानस्थल हुँदा समेत दुई विमानस्थललाई विकल्पको रुपमा प्रयोग नगरी देखाउनका लागि मात्रै बनाएको जस्तो अनुभूत भएको सिद्धार्थ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष ठाकुरकुमार श्रेष्ठले बताए । सरकारले सम्बन्धी विमान कम्पनीहरुसँग कुरा गरेर वैकल्पिक रुपमा पनि प्रयोग गर्न मिल्नका लागि कुटनीतिक पहल गर्न जरुरी रहेको बताए ।

'निजी क्षेत्रले के गर्नुपर्छ सहयोग गर्न तत्पर छौं, सरकारले अगुवाइ गरेर निरन्तर अन्तर्राष्ट्रिय उडानको लागि पहल गर्नु पर्ने तथा नेपाल एयरलाइन्स र हिमालयन एयरलाइन्सले समेत यहाँबाट सुचारु गरे आर्थिक चलायमान हुने राज्यको लगानी विस्तारै उठ्ने छ ।'-उनले भने ।

भैरहवा र पोखरामा रहेका विमानस्थल काठमाडौँ विमानस्थलको विकल्प बन्न नसक्दा भैरहवा वा पोखरामा अवतरण नभई भारत र अन्यत्र डाइभर्ट भएका हुन् । काठमाडौँमा अवरोध यहीका अन्त्रत विमानस्थलमा रोक्न सक्नु पर्छ, जसका लागि विदेशी हवाई कम्पनीलाई सर्त अघि सार्नुपर्ने देखिन्छ ।

निजी क्षेत्र र सरकारको पहलमा भैरहवास्थित विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडान गर्नका लागि वैदेशिक रोजगार व्यवसायीको उपस्थिति भैरहवामा विस्तार गर्नुपर्ने र अन्तर्राष्ट्रिय नेटवर्कमा पहुँच बढी भएको ट्राभल एजेन्सीहरु आउनु पर्ने जरुरी देखिन्छ ।

# स्याङ्जाको अर्जुनचौपारी-२ जिल्लामै पहिलो



स्याङ्जा । आर्थिक वर्ष २०८१/०८२ को स्वास्थ्य मूल्याङ्कनमा अर्जुनचौपारी गाउँपालिका-२ जिल्लामै पहिलो बनेको छ । प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाले सार्वजनिक गरेको मूल्याङ्कनमा अर्जुनचौपारी-२ को स्वास्थ्य चौकी ९०.४ अङ्कसहित पहिलो भएको हो ।

मूल्याङ्कनमा जिल्लाका ९७ वडामध्ये ८९.८ अङ्कसहित बिरुवा गाउँपालिका-१ बिरुवा बजारको बिरुवा स्वास्थ्य चौकी दोस्रो र भीरकोट नगरपालिका-६ खिलुङ देउराली स्वास्थ्य चौकी ८९.५ अङ्कसहित तेस्रो बन्न सफल भएको जनस्वास्थ्य प्रशासक केशवप्रसाद चापागाईंले जानकारी दिए ।

स्वास्थ्य सूचकका अनुसार उत्कृष्ट कार्यसम्पादन गर्ने संस्थाहरूलाई जिल्लास्तरीय वार्षिक स्वास्थ्य समीक्षामा सहायक प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले सम्मान-पत्र प्रदान गरेका थिए । त्यस वअसरमा स्वास्थ्य सेवालाई आधुनिक र प्रविधिमैत्री बनाउन पौडेलले आग्रह गरे ।

समुदायमै पुगेर सेवा विस्तार र गुणस्तर अभिवृद्धिको लक्ष्य तय गरेको जनस्वास्थ्य कार्यालयले हरेक वर्ष विभिन्न सूचकका आधारमा स्थानीय तहका स्वास्थ्य गतिविधि मूल्यांकन गर्दै आएको छ । स्थानीय पालिकाहरुले स्वास्थ्य चौकीमार्फत् सेवाग्राहीलाई विभिन्न रचनात्मक सुविधाहरु प्रदान गर्दै आएका छन् ।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मेरो निम्न विवरण भएको माइग्रेसन सर्टिफिकेट यही मिति २०८२।०६।१७ गते बुटवलदेखि भैरहवा जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम :** सुज्जल श्रेष्ठ
**ठेगाना :** बुटवल-११, कालिकानगर
NEB Reg No : 77494781D
**सम्पर्क :** ९८४७४५१९०८

**नाम परिवर्तन सम्बन्धि सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८२/०७/२३

साविकको सेवा मल्टिस्पेसियालिटी हेल्थ केयर एण्ड डाइग्नोष्टिक सेन्टर प्रा.लि.को मिति २०८२/०६/०९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनीको नाम परिवर्तन भई सेवा फेमिली हेल्थ केयर सेन्टर प्रा.लि. (Sewa Family Health Care Center Pvt.Ltd.) कायम गरिएको र साविक कम्पनीको नाममा रहेको सम्पूर्ण सम्पति तथा दायित्व यसै कम्पनीले सकार गर्ने व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारणका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सेवा फेमिली हेल्थ केयर सेन्टर प्रा.लि.**
देवचुली-१५, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**बुद्धभूमि नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
बुङ्की, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

प्रकाशित मिति २०८२/०७/२४

यस कार्यालयबाट मिति २०८२/०५/२२ मा विद्युतिय माध्यमबाट बोलपत्र आव्हानको लागि राष्ट्रिय दैनिक दैनिक लुम्बिनी पत्रमा प्रकाशन गरी म्याद भित्र सिस्टममा रितपूर्वक दर्ता हुन आएका बोलपत्र तपशिलमा उल्लेखित बोललपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मुल्यांकिंत सारभुत रुपमा प्रभावग्राही देखिएकोले सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठे.नं. | विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु अ. कर र उक समेत) रु. |
|---|---|---|---|---|
| १ | 1/BM/RD/ 2082/83 | Tikkar -Budhhi -Bijgauri sadak khanda (Ga),Tikkar -Budhhi -Bijgauri sadak (khanda 1)and Tikkar -Budhhi - Bijgauri sadak nirman (khanda 2) | Linear engineering & construction pvt. ltd. शिवराज-५, कपिलवस्तु | ७,३६,१७,६०६.१५ |
| २ | 2/BM/RD/ 2082/83 | Bhelai-Purena-Gorusinghe-Bakdariya Sadak Kalopatre | Shyam-Jay JV, महाराजगंज-६, कपिलवस्तु | १,७१,६७,२२९.३२ |

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



लसुन रोप्दै किसानः

दाङको घोराही उप-महानगरपालिका-७ स्थित डबरीका किसान धान काटेको खेतमा लसुन रोप्दै । यसरी रोपेको लसुनलाई माथिबाट छापो दिने गरिन्छ । तस्विर : रञ्जिता अधिकारी/रासस

# सुकुम्बासी बस्तीमा डोजर नलगाउन जेनजीको चेतावनी




बुटवल । 'जेनजी मुभमेन्ट अलायन्स'ले बिनाविकल्प सुकुम्बासी बस्तीमा डोजर नलगाउन काठमाडौं महानगरपालिकालाई चेतावनी दिएको छ ।

उक्त अलायन्सले विज्ञप्ति जारी गरी काठमाडौं महानगरपालिकाले फेरि सुकुम्बासी बस्तीहरूमा डोजर लगाउने तयारी गरेको भन्दै आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

'नेपाली जनताको यति ठूलो हिस्सा आफ्नै देशमा कसरी भूमिहीन र विस्थापित बनाइए भन्ने ऐतिहासिक शृंखलाबद्ध राज्यको बदमासी, सामाजिक असंवेदनशीलता, विभेद, द्वन्द र बहिष्करणको ख्याल नराखी यस्ता निर्णय गरिनु खेदजनक छ', विज्ञप्तिमा भनिएको छ-'मौजुदा ऐन-कानुनले बस्ती हटाउने प्रक्रिया र अधिकारबारे स्पष्ट व्यवस्था गरेको भए पनि त्यसलाई पूरा नगरिकन आतंक र भयको वातावरण सिर्जना गरिएको छ । यसले नागरिकको अधिकारलाई कुण्ठित गरेको छ ।'

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) ले सहरका अतिक्रमित जमिनमा बनाइएका संरचना हटाउने अभियानलाई प्राथमिकता दिइरहेका बेला जेनजीले उक्त विज्ञप्ति जारी गरेको हो ।

'जेनजी मुभमेन्ट अलायन्स'ले महानगरपालिकालाई सम्बन्धित समुदायसँग सहमति गरेर मात्र बस्तीको उपयुक्त व्यवस्थापन गर्न माग गर्दै काठमाडौंलाई सबैको साझा सहर बनाउन आह्वान गरेको छ ।

'सम्बन्धित समुदायसँगको सहमतिमा उपयुक्त व्यवस्थापन अपनाई सबैको साझा शहरको रूपमा काठमाडौं महानगरपालिकाले उदाहरण प्रस्तुत गरोस् । निहत्था, उत्पीडित जनताहरूमाथि स्थानीय सरकारले दम्भ, तिरस्कार र बेवास्ताको अस्त्र नचलाओस् । सार्वजनिक सम्पत्ति पहिला जनताको हो र त्यसपछि जनताले निर्माण गरेको राज्यले त्यसको व्यवस्थापन गर्ने हो भन्ने हेक्का राखी जनउत्तदायीत्व वहन गर्न काठमाडौं महानगरपालिकालगायतका सबै सार्वजनिक सरकारी निकायहरूलाई अनुरोध गर्न चाहन्छौं', विज्ञप्तिमा भनिएको छ,'-'यसै सन्दर्भमा नक्कली र सक्कली सुकुम्बासी भनी विभिन्न बहसहरू हुने गरेको पनि पाइन्छ ।

यसर्थ काठमाडौं महानगरपालिकाले महानगर क्षेत्रभित्रका बस्तीहरूको अध्ययन गरेको भए यथार्थ विवरण सार्वजनिक गरी स्पष्ट तथ्यांकसमेत उपलब्ध गराउन आह्वान गर्दछौं ।'

# नेकपा एसको संयोजकमा घनश्याम

बुटवल । एकीकृत समाजवादीले घनश्याम भूसाललाई संयोजक तोकेको छ । यसअघि भूसाल महासचिवको जिम्मेवारीमा थिए ।

अध्यक्ष माधव कुमार नेपाल, सम्मानित नेता झलनाथ खनालसहितको टोलीले नेकपा माओवादी केन्द्रसँग एकता गरे पनि महासचिव भूसालले एकतामा विमति जनाएका थिए ।

शनिबार एकीकृत समाजवादीका ६७ केन्द्रीय सदस्यहरुको भर्चुअल बैठकले पार्टी पुनर्गठन गर्दै तत्कालीन महासचिव भूसाललाई संयोजक तोकेको एक नेताले बताए । सो बैठकले मंसिर पहिलो हप्ता राष्ट्रिय भेला आयोजना गर्ने निर्णयसमेत गरेको छ ।

'६७ जनाको उपस्थितिमा सबेको जुम बैठकले अभियानको घोषणा गरको हो,' अर्यालले भने-'हाम्रो अभियानमा एकता प्रक्रियामा सहभागी नभएका एकसय ५८ जना केन्द्रीय सदस्य हुनुहुन्छ प्राविधिक कारणले ६७ जनाको मात्रै उपस्थिति थियो ।'

भूसालले गत शुक्रबार नेकपा माओवादी केन्द्रका तत्कालीन नेता जनार्दन शर्मा र नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लवसँग सहकार्य गर्ने सहमति जनाएका थिए ।

# ठेकेदारको लापर्बाहीले सडक निर्माण योजना अलपत्र



बाँके । सडक डिभिजन कार्यालय नेपालगञ्जअन्तर्गतका चार निर्माण योजना ठेकेदार कम्पनीको लापर्बाहीले अलपत्र परेका छन् ।

रत्न राजमार्ग र पूर्व-पश्चिम राजमार्गमा निर्माण कार्यका लागि ठेक्का सम्झौता गरी काम नगरेका कारण योजना अलपत्र अवस्थामा रहेको सडक डिभिजन कार्यालयका प्रमुख सिनियर डिभिजन इञ्जिनियर नरेन्द्रप्रसाद भट्टले जानकारी दिए ।

उनका अनुसार ठेकेदार कम्पनीले तोकिएको समयावधिमा काम नगर्दा पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गत कोहलपुर-कर्णाली खण्डमा नियमित मर्मत कार्य, साइड ड्रेन निर्माण, सडक साइट सुरक्षा र ट्राफिक सुरक्षा कार्य हुन सकेको छैन ।

यस्तै रत्न राजमार्गअन्तर्गत देउराली-हर्रे खण्डमा नियमित मर्मत कार्य प्याचिङ र गमला मर्मत, रत्न राजमार्गको हातीसार-हर्रे खण्डमा विशिष्ट मर्मत कार्यको कडा फुटपाथ, संरक्षण कार्य तथा नाली निर्माण र रत्न राजमार्गको राँझा-कोहलपुर खण्डमा रमाइन स्लरी सिलसहित सडक सतहको मर्मत गर्ने ठेक्का अलपत्र अवस्थामा रहेको छ ।

यसैगरी, कोहलपुर-कर्णाली खण्डमा नियमित मर्मत कार्यअन्तर्गत साइड ड्रेन निर्माण, सडक साइड सुरक्षा र ट्राफिक सुरक्षा कार्यको ठेक्का सम्झौता गरेको बाँकेको एसएस निर्माण सेवा प्राली, रत्न राजमार्गको देउराली-हर्रे खण्डमा नियमित मर्मत कार्यअन्तर्गत प्याचिङ र गमला मर्मतको ठेक्का सम्झौता गरेको मुगुको गगन निर्माण सेवा, रत्न राजमार्गको हातीसार-हर्रे खण्डमा विशिष्ट मर्मत कार्यअन्तर्गत कडा फुटपाथ, संरक्षण कार्य र नाली निर्माणको ठेक्का सम्झौता गरेको जाजरकोटको थापा कन्स्ट्रक्सन सेवा तथा रत्न राजमार्गको राँझा-कोहलपुर खण्डमा रमाइन स्लरी सिलसहित सडक सतहको मर्मत गर्ने ठेक्का चितवन भरतपुरको सविक निर्माण सेवासँग सम्झौता भएको सडक डिभिजन कार्यालयका सूचना अधिकारी इञ्जिनियर रामसागर हरिजनले जानकारी दिए ।

समयमै निर्माण कार्य नगरी योजना अलपत्र पार्ने ठेकेदार कम्पनीसँग सडक डिभिजनले सम्झौता रद्द गर्ने प्रक्रिया सुरु गरेको छ । रत्न राजमार्ग र पूर्व-पश्चिम राजमार्गमा निर्माण कार्यका लागि ठेक्का सम्झौता गरी काम नगरेका कारण चार ठेकेदार कम्पनीको ठेक्का सम्झौता रद्द गर्न लागिएको सूचना अधिकारी इञ्जिनियर हरिजनले बताए ।

सडक डिभिजन कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सडक निर्माण आयोजनामा तोकिएको समयसीमाभित्र काम नगरेका ठेकेदार कम्पनीलाई कारण देखाउन आग्रह गरेको हो । सडक डिभिजन कार्यालयका अनुसार यी आयोजनाका लागि ठेक्का सम्झौता भएर पनि काममा ढिलाइ भएकाले प्राविधिक तथा प्रशासनिक ढिलाइबारे स्पष्टीकरण मागिएको हो ।

सडक डिभिजन कार्यालयका प्रमुख सिनियर डिभिजन इञ्जिनियर भट्टले तोकिएको समयसीमा नमान्ने कम्पनीविरुद्ध कडा कदम चाल्न आवश्यक रहेकाले पहिला स्पष्टीकरण सोधिएको जानकारी दिए ।

# सक्षम सहकारीमा नयाँ नेतृत्व




बुटवल । सक्षम बचत तथा ऋण सहकारी संस्था लि. को १८औं वार्षिक साधारणसभा तथा छैठौं निर्वाचनबाट नयाँ नेतृत्व चयन भएको छ ।

छैठौं अधिवेशनबाट लिलाधर लुइँटेलको अध्यक्षतामा नयाँ कार्य समिति चयन भएको हो । नयाँ कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षसहित अधिकांश सदस्यहरु पुनः दोहोरिएका छन् । नयाँ कार्य समितिको उपाध्यक्षमा देवीराम पाण्डे, सचिवमा दीपक खड्का, कोषाध्यक्षमा हिमालय पौडेल निर्वाचित भएका छन् ।

त्यसैगरी सदस्यहरुमा शालिकराम न्यौपाने, सरिता बेल्बासे, जुनुदेवी रावत न्यौपाने, पुनम घिमिरे, चंखा पुन (चन्द्र) निर्वाचित भएका हुन् । त्यसैगरी लेखा सुपरीवेक्षण समितिको संयोजकमा कल्पना घिमिरे, सदस्यहरुमा सुमित्रा भुसाल न्यौपाने, सरोज पाण्डेय निर्वाचित भएका थिए ।

यसअघि साधारणसभाको उद्घाटन सत्रमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि बुटवल उप-महानगरपालिकाका सहकारी विभाग प्रमुख गुनाकर खनालले केही सहकारीमा भएका अनियमितताका कारण सहकारीबारे अफवाह फैलिए पनि धेरै सहकारी राम्रो ढंगले अघि बढिरहेको बताए ।

सहकारी संस्थाका अध्यक्ष लिलाधर लुइँटेलको अध्यक्षता, उपाध्यक्ष देवीराम पाण्डेको स्वागत मन्तव्य, सचिव दीपक खड्काको सञ्चालन रहेको कार्यक्रममा अध्यक्ष लुइँटेलले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष हिमालय पौडेलले आर्थिक प्रतिवेदन, लेखा सुपरीक्षेण समिति सदस्य सुमित्रा भुसाल न्यौपानेले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन प्रस्ततु गरेका थिए ।

सो अवसरमा संस्थाका निवर्तमान अध्यक्ष दीपक रायमाझी, सल्लाहकार युवराज पौडेल, संस्थाका शेयर सदस्यहरु यमलाल भुसाल, सेमन्तमणि सापकोटालगायतले शुभकामना मन्तव्य व्यक्त गरका थिए । कार्यक्रममा जेष्ठ शेयर सदस्यहरु तेजप्रसाद पाण्डे, दयाराम श्रेष्ठ, लिलादेवी पाण्डे, सामुदायिक विद्यालयतर्फ कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने नवीन औद्योगिक कद्दरबहादुर रीता माविकी छात्रा वर्षा भुसाल, असल ऋणी राम चौधरी, असल बाल बचतकर्ता याशिका पौडेल, नियमित बचतकर्ता कमलप्रसाद अर्याल, सदस्य बिस्तारतर्फ शालिकराम न्यौपानेलगायतलाई सम्मान गरिएको थियो ।

निर्वाचन प्रयोजनको लागि गुणाकर खनाल निर्वाचन समितिको संयोजक रहेका थिए भने सदस्यहरुमा युवराज पौडेल र अधिवक्ता ओमप्रसाद पंगेनी रहेका थिए ।

# श्रम संस्कृति पार्टी रूपन्देही अध्यक्षमा छविलाल

बुटवल । श्रम संस्कृति पार्टी रुपन्देहीको अध्यक्षमा छविलाल गुरुङ चयन भएका छन् ।

आइतबार भएको भेलाले गुरुङको अध्यक्षमा १५ सदस्यीय नयाँ नेतृत्व चयन गरेको हो ।

जसको उपाध्यक्षमा केशव न्यौपाने, सचिवमा सुगम राई, कोषाध्यक्षमा रामु दमाइ, सह सचिवमा अमृता पल्ली मगर चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा सूर्य थापा, विरु वि.क., हिमाल पुलामी मगर, मान बहादुर बुचा मगर, तिलकराम गैरे, रेशम बगाले, खेम बहादुर थापा, लुकमाया गुरुङ र लेककुमारी आले मगर चयन भएका छन् । त्यस्तै वरिष्ठ सल्लाहकारमा भिम गौतम चयन भएका छन् ।

धरान उप-महानगरपालिकाका मेयर हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले आइतबार मात्र बुटवलमा जिल्ला र प्रदेश कार्यालय स्थापना गरेको छ ।

बुटवलको रंगशालामा सरसफाई कार्यक्रमको आयोजना गरेर पार्टीले जिल्ला र प्रदेश पार्टी कार्यालय स्थापना गरेको हो । पार्टीका प्रदेश संयोजक तुलबहादुर दर्लामी मगरले संगठन अब विस्तार गर्दै १२ वटै जिल्लामा कमिटी गठन गर्ने बताए । पार्टीका केन्द्रीय सदस्य भिम गौतमले पार्टीको संगठन विस्तारसँगै हरेक हप्ता श्रम गर्ने पार्टीको योजना रहेको बताए ।

# विहारको चुनावले नवलपुर र नवलपरासीमा सीमा बन्द



**रामकुमार श्रेष्ठ**

*कावासोती*

नवलपुरको त्रिवेणी र पश्चिम नवलपरासीको भैसालोटनलगायतको क्षेत्रमा आइतबार बिहानदेखि ७२ घण्टालाई सीमा सिल गरिएको छ ।

भारतको विहार राज्यको विधान सभाको निर्वाचनलाई लक्षित गरी भारत विहारसँग जोडिएको नवलपुर, पश्चिम नवलपरासीसहित बारा, पर्सा, रौटहटदेखि झापासम्म सीमा सिल गरिएको हो ।

नवलपुरका प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले भारतीय अधिकारीहरुको आग्रहमा आइतबार बिहान ६ बजेदेखि मंगलबार साँझ ६ बजेसम्मका लागि सिमा बन्द गरिएको हो ।

नवलपुर र पश्चिम नवलपरासीको केही भू-भाग भारतको विहार राज्यको पश्चिम चम्पारण जिल्लासँग सीमा जोडिएको छ ।

यता पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्सालले आफूहरुले नेपालको तर्फबाट सीमा शिल गरेको नभए पनि भारतीय पक्षले पश्चिम नवलपरासीको भैसालोटन नाकामा भने सीमा बन्द गरेको जानकारी दिए ।

कार्तिक २५ गते हुन लागेको बिहार विधानसभाको दोस्रो चरणको निर्वाचनलाई मध्य नजर गर्दै यस क्षेत्रमा सीमा नाका बन्द गरिएको हो ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३१५७
E-mail:ideapressbtl@gmail.com

पाल्हीनन्दन गाउँपालिकाको अनुरोध
डेंगी रोगबाट कसरी बच्ने ?
लामखुट्टेको टोकाइबाट हुने डेंगी रोगका बिरामीहरू नेपालमा केही समय यता बढिरहेकाले निम्न रोकथामका उपायहरु अपनाऔं ।
- पूरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फूलदानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडालाई लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने साँझ र विहान करेसाबारीमा जाँदा, घर बाहिर टहलँदा, वा पार्कमा जाँदा लामखुट्टेले नटोकोस् भनेर विशेष सावधानी अपनाउने ।
अनुरोधक
पाल्हीनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com